




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज ४ गते सोमबार ❑ 20 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## 'राजनीतिक स्वार्थ बिर्सेर नागरिकका अपेक्षा पूरा गर्न जुटौं'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

गण्डकी प्रदेश सरकारले विविध कार्यक्रम गरी संविधान दिवस मनाइएको छ । प्रदेश मुल समारोह समितिले मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयमै आइतबार विषेश समारोह गरेको छ। यसअघि मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकीले वृहत अन्तक्रिया गरेको छ।



आइतबार आयोजित कार्यक्रममा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले वर्तमान संविधानले सामन्ती, निरंकुश र केन्द्रीकृत राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको बताए । उनले भने, 'यस संविधान अन्तर्गत नेपालको राष्ट्रिय सार्वभौमसत्ता नेपाली जनतामा निहित भएको छ र जनता राज्यशक्तिको स्रोत भएका छन् ।' यति बेला मुलुक, नयाँ संविधानले मार्गनिर्देश गरेका अभिभाराहरूलाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माण गर्ने दिशामा अगाडि बढेको उनले बताए। उनले संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका व्यवस्थापिका तथा सरकारहरू आ-आफ्नो संवैधानिक कार्यभारहरू पूरा गर्न क्रियाशील रहेको उनको भनाइ थियो। संविधान बमोजिम संघ,प्रदेश र स्थानीय तहहरुको स्थापना भए पनि अझै पनि हामीले संविधानले भने बमोजिम शक्तको विकेन्द्रीकरण गरी दुरदराजका आमनागरिकको घर घरमा संघीयताको अनुभूति हुने गरी धेरै कार्यहरु गर्न बाँकी रहेको उनले बताए। उनले भने, 'जुन कुराको अपेक्षा आम प्रदेश बासीले प्रदेश सरकारबाट गरिरहेका छन्, ती जनताका अपेक्षा पूरा गर्न सत्ता पक्ष र प्रतिपक्षको इमान्दार प्रयास र सहकार्य अहिलेको आवश्यकता हो ।' उनले हिजो नयाँ संविधान निर्माणका क्रममा भएका आन्दोलनमा एकै मोर्चामा रहेका दलहरु नै अहिले कुनै सत्ता पक्ष र कुनै प्रतिपक्षमा रहेको भन्दै सत्तापक्षले सत्तामा रहेको घमण्ड र प्रतिपक्षले सत्ता बाहिर छु भन्ने सोचलाई त्यागेर हिजोका परिवर्तनका लागि लडेका दिनहरु सम्झेर जनताका समस्याहरुसँग हातेमालो गर्ने हो भने छिटै गन्तव्यमा पुग्न सकिने भनाइ राखे। उनले भने, 'आज हामीले संविधान दिवस मनाइरहँदा जुन उद्देश्यका लागि नयाँ संविधान जारी भएको हो ती उद्देश्य पूरा गर्नका लागि सानातिना राजनीतिक स्वार्थहरुलाई बिर्सेर सक्दो छिटो सामाजिक रुपान्तरणको प्रक्रियालाई अगाडि बढाउनु आजको आवश्यकता हो ।'

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लामो समयको संघर्षबाट प्राप्त उपलब्धिको रक्षाका लागि सबै पक्ष उत्तिकै जिम्मेवारी हुनुपर्ने भनाइ राखे। सशस्त्र द्वन्द्वमा लागेको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्मरण गर्दै त्यसमा सघाउने माओवादी अध्यक्ष प्रचण्डलाई धन्यवाद दिए। अहिले मुलुकमा लागु भएको संघीयतालाई सुदृढ गर्न राजनीतिक दल, नागरिक समाज, पत्रकार सबैको सहयोग आवश्यक रहेको भन्दै उनले लोकतान्त्रिक प्रणालीमा सरकारले सुझाव र सल्लाह सँधै ग्रहण गर्ने भनाइ राखे । सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा जिम्मेवार भएर अगाडि बढ्न कर्मचारी वर्गलाई उनले अनुरोध गरे। गण्डकी प्रदेश सभाका सभामुख नेत्रनाथ अधिकारीले सामन्ती, एकात्मक शासन व्यवस्था अन्त्य भए पनि त्यसका अवशेषहरु बाँकी नै रहेका बताए । संघले आवश्यक कानुन नबनाइदिएका कारण अझै पनि प्रदेशमा कतिपय कानुन बनाउन नपाइएको भनाइ उनको थियो।

प्रमुख सचिव डा. दामोदर रेग्मीले स्वागत गरेको कार्यक्रम सञ्चालन प्रदेश सचिव इन्दु घिमिरेले गरेकी थिइन्। कार्यक्रममा मन्त्रीहरु, मुख्यमन्त्रीका सल्लाहकार, सरकारका अन्य पदाधिकारी, प्रदेश सचिव, कास्कीका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय प्रमुख लगायत सहभागी थिए।

## यही साता सरकारमा जाँदैछौँ : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले यही हप्तामा पार्टी सरकारमा सहभागी हुने बताउनुभएको छ।




संविधान दिवसका अवसरमा पार्टीको कास्की जिल्ला समितिले आज पोखरामा आयोजना गरेको गणतन्त्र एवं संविधान रक्षाका निम्ति पार्टीको भूमिका विषयक विचार गोष्ठी तथा कार्यकर्ता भेलामा उहाँले पार्टीका तर्फबाट केन्द्रीय सरकारमा मन्त्री पठाइने जानकारी दिनुभयो । अध्यक्ष नेपालले आगामी निर्वाचनसम्म अहिलेको पाँच दलीय गठबन्धनलाई कायमै राखिनेसमेत स्पष्ट पार्नुभयो ।उहाँले भन्नुभयो, "विगतको सरकारले जनताका पीडालाई राम्रोसँग सम्बोधन गरेन । अहिलेको गठबन्धनको सरकारले विगतका गल्तीलाई दोहोऱ्याउनु हुँदैन । गठबन्धन बलियो बनाउँदै जनताको सेवामा लाग्नु पर्दछ ।" अध्यक्ष नेपालले पुनः एमालेमा फर्केर जाने कुरा नसोच्न कार्यकर्तालाई आग्रह गर्दै भन्नुभयो, "असली कम्युनिष्ट पार्टी हामी हौं, अरुले कम्युनिष्ट पार्टीको मर्ममा चोट पुऱ्याएका छन्, पार्टीलाई थिलथिलो र बदनाम गरे । हिजोका कुरा सम्झेर हुँदैन, फर्केर जाने कुरा नसोच्नुहोस्, अब जम्मै ढोका बन्द भइसक्यो ।" प्रचार गरिएजस्तो माओवादी केन्द्रसँग पार्टी एकता नहुने बताउँदै अध्यक्ष नेपालले कुनै पार्टीसँग एकता नगरी आफ्नै शक्तिका आधारमा अघि बढ्ने उल्लेख गर्नुभयो । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षतालगायतका परिवर्तनका उपलब्धिहरूको रक्षा गर्नु आवश्यक रहेको नेता नेपालले बताउनुभयो । प्रतिनिधिसभा विघटनका विरुद्ध सर्वोच्चको फैसला ऐतिहासिक र नेपालको इतिहासमा संविधानवादको कोसेढुङ्गाका रूपमा दर्ज हुने उल्लेख गर्दै उहाँले सर्वोच्चले संविधानको सही व्याख्या गरेको बताउनुभयो । "संविधान मिच्ने छैनौं, यसको पालना गर्नेछौं तथा संविधानको मूल्य र मान्यताको रक्षा गर्दै यसको मर्म र भावनाको सही प्रयोग हाम्रो पार्टीले गर्नेछ",

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## नेताको व्यवहारले संविधान प्रति वितृष्णा बढ्यो : पौडेल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ३ असोज**

नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले नेताहरुको व्यवहारले छोटो सयममै संविधान प्रति नागरिक तहमा वितृष्णा बढेको बताएका छन् । सत्तामा पुगेपछि नेताहरुले शक्तिको दुरुपयोग, र भ्रष्टाचार गर्नाले संविधानमा वितृष्णा बढेको उनले दाबी गरे।



"सत्तामा पुग्न जस्तोसुकै जालझेल गर्न तयार हुने नेताले सत्तामा पुगेपछि शक्तिको दुरुपयोग गर्ने प्रतिस्पर्धा गरेका छन्।" नेपाली काँग्रेस स्याङ्जाले संविधान दिवसको अवसरमा जिल्ला पार्टी कार्यालयमा भएको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै काँग्रेस वरिष्ठ नेता पौडेलले भने, "नेताको आचरणले गर्दा संविधान र व्यवस्थाप्रति नागरिकस्तरमा वितृष्णा बढेको छ ।" संविधान बनेको ६ वर्षमै संविधानप्रति प्रश्न उठनु दुःखद कुरा भएको स्पष्ट पार्दै लोकतान्त्रिक शासन व्यवस्थाको विकल्प नभएको नेता पौडेलले जिकिर गरे । नेता पौडेलले संविधान बनेपछि भएको निर्वाचनपछि दुईतिहाई बहुमत ल्याएर प्रधानमन्त्री भएका केपी ओलि नयाँ तानाशाह र डोनाल्ड ट्रम्पको नयाँ रुपमा प्रस्तुत भएको आरोप लगाए । संसदीय व्यवस्थालाई सुधार गर्दै लैजान सकिने भएकाले संविधानप्रति विश्वास गर्न उनले आमनागरिकलाई आग्रह गरे । काँग्रेसले २००७ सालमा परिकल्पना गरेको संविधानसभाबाट संविधान बनाउने २०७२ मा पुरा भएकाले व्यवस्थालाई सुधार गर्दै जान सकिने नेता पौडेलको विचार थियो । "वर्तमान सरकारले २ महिनाको अवद्यिमा सकेसम्म राम्रो काम गरेको तर केपी ओलि सरकारले जस्तो धुन्धुकारी शैलीमा नराम्रो काम गर्दै अगाडी बढेको छैन् ।" वरिष्ठ नेता पौडेलले भने, केपी "ओली सरकारले पारेका प्वाल पुर्दै अगाडी बढेको वर्तमान सरकारले प्राथमिकतामा राखेका कामहरुबाट परिणाम आउन केहि समय लाग्ने छ।"

नेपाली काँग्रेस सभापतिप्रति आक्रमक रुपमा प्रस्तुत भएका नेता पौडेलले केपीले चलाएको सरकार र देउवाले चलाएको पार्टी उस्तै रहेको टिप्पणी गरे । सत्ता र शक्तिको दुरुपयोग गरेर शक्ति आफ्नै कब्जामा राख्न पाए राम्रो त्यसप्रति कसैले प्रश्न गरे त्यो नराम्रो भन्ने प्रबृत्ति सरकार र पार्टीमा मौलाएको नेता पौडेलको भनाई थियो।

## प्रदेश प्रमुख गुरुङद्धारा संविधान दिवसको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले वर्तमान संविधानले सबै प्रकारका विभेदको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताका सुत्रमा आबद्ध गरेको बताउनुभएको छ । सातौँ संविधान दिवसका अवसरमा आज एक शुभकामना सन्देश जारी गर्दै उहाँले संविधानले सबै उत्पीडनको अन्त्य गरेको छ भन्नुभयो । सन्देशमा नेपालको राष्ट्रिय सार्वभौमसत्ता नेपाली जनतामा नीहित रहेको जनाउँदै यतिबेला मुलुक नयाँ संविधानले मार्गनिर्देश गरेका अभिभारालाई आत्मसात् गर्दै समृद्ध राष्ट्र निर्माण गर्ने दिशामा अगाडि बढेको उल्लेख छ।

सन्देशमा भनिएको छ, "सङ्घ, प्रदेश र स्थानीय तहका व्यवस्थापिका तथा सरकार आआफ्नो संवैधानिक कार्यभार पूरा गर्न क्रियाशील रहेका छन् । संविधान आफैँमा कानूनी सिद्धान्त तथा राजनीतिक सहमतिको दस्तावेज हो।"




# नानी शुक स्मृति प्रतिष्ठानद्वारा विद्यालयमा २ लाखको अक्षयकोष

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

नानी-शुक स्मृति प्रतिष्ठानले मुस्ताङको मार्फास्थित जनबाल माविमा २ लाख बराबरको अक्षयकोष स्थापना गरेको छ।

प्रतिष्ठानले विद्यालयको शैक्षिक प्रगतिका लागि २ लाखको अक्षयकोष खडा गरी सोबाट आउने व्याजबाट गरिब तथा जेहेनदार विद्यार्थीलाई पुरस्कृत गर्ने जनाएको छ। शुकबहादुर हिराचन र नानीमाया हिराचनको स्मृतिमा २०६२ सालमा प्रतिष्ठान स्थापना भएको हो । प्रतिष्ठानले हरेक वर्ष शैक्षिक तथा सामाजिक व्यक्तित्वको पहिचान गरी सम्मान गर्दै आएकोमा यसपालिका कोभिडका कारण शुकबहादुर र नानीमायाको जन्मथलो मार्फाको सो विद्यालयमा अक्षयकोष स्थापना गरेको प्रतिष्ठान संरक्षक वीरेन्द्र



हिराचनले जानकारी दिए। यसैबीच, प्रतिष्ठानको १७ औं वार्षिकोत्सव तथा पुण्यतिथि समारोह सम्पन्न भएको छ। संस्था अध्यक्ष तारानाथ गौतमको अध्यक्षतामा भएको समारोहमा बौद्ध लामा लक्ष्मीप्रसाद थकाली गुरुबाट मन्त्रोचारण भएको थियो ।संस्था उपाध्यक्ष हेरम्बप्रसाद कोइराला र संरक्षक वीरेन्द्रकुमार हिराचन संस्थाका गतिविधिबारे प्रष्ट पारेका थिए । कार्यक्रम सञ्चालन सहसचिवव मखन हिराचनले गरेका थिए भने लक्ष्य हिराचन र वीरेन्द्र हिराचनले आमा र फूलको आँखानामक गीत गाएका थिए।

साथै, संस्थाका शुभेच्छुक, सल्लाहकार चेतन कार्की र संस्थाका आजीवन सदस्य हिमाली संस्कृतिक परिवारका अध्यक्ष मेनकाजी गुरुङको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै स्मरण गरिएको थियो।

# समता काव्य सन्ध्याको ३ सय ४० औं शृङ्खला

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

कविताको अघोषित पाठ्शालाका रूपमा परिचित पोखरेली युवा साँस्कृतिक परिवारले सञ्चालन गर्दै आएको समता काव्य सन्ध्याको ३ सय ४० औं शृङ्खला शनिबार पोखरामा सम्पन्न भयो।

काव्य सन्ध्यामा नेपाल सङ्गीत नाट्य प्रज्ञाप्रतिष्ठान संस्थापक सदस्य सचिव एवम् परिवारका सल्लाहकार संस्कृतिकर्मी तीर्थ श्रेष्ठले ३ दशकसम्म अविछिन्न रुपमा चलेको कविताको अघोषित पाठशालाबाट उत्पादित कविहरू राष्ट्रिय प्रतिभा बनिसकेको चर्चा गर्दै यसको प्रभाव मूल्याङ्कन र शोध गर्न आवश्यक भएको बताए।

काव्य सन्ध्यामा कवि तीर्थ श्रेष्ठ, डा. चैतन्य अधिकारी, ई. कौशलचन्द्र जिसी, डा. ईश्वरमणि अधिकारी, सुरेश रानाभाट, प्रकाश ज्ञवाली, शिव त्रिपाठी, दिपेन्द्र पहारी, उमेश रेग्मी, शरद भण्डारी,




प्राञ्जल लगायतका कविहरूले आआफ्ना रचना सुनाएका थिए।

'साहित्य, कला र सङ्गीतको उत्थान : हाम्रो प्रण'को गुञ्जनका साथ विक्रमाब्द २०३४ सालमा स्थापना भएको पोखरेली युवा साँस्कृतिक परिवार गण्डकी प्रदेशको वाङ्मयिक विकासमा ४४ वर्षदेखि अविछिन्न क्रियाशील र सक्रिय संस्थाका रूपमा राष्ट्रिय अन्तर्राष्ट्रि स्तरमा परिचित छ।

कोभिड-१९ को महामारीले डेढ वर्ष परिवारले भर्चुअल कवि गोष्ठी गरेको थियो । निषेधाज्ञा खुलेपछि पहिलो पटक भौतिक रूपमा हिमालय रिडर्स कर्नरमा कार्यक्रम आयोजना गरिएको थियो। परिवारका सहसचिव शिव त्रिपाठीले आमन्त्रित कविहरूलाई स्वागत गरेका थिए । अध्यक्ष मोती भुजेलको सभापतित्वमा सम्पन्न काव्य सन्ध्याको सञ्चालन सचिव डा. चैतन्य अधिकारीले गरेका थिए।

# न्यायमा सबैको पहुँच आवश्यकः न्यायाधीश कार्की

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीले न्यायमा सबैको पहुँच आवश्यक भएको बताउनुभएको छ।

कास्की जिल्ला अदालत बार एशोसिएशनको नवनिर्मित भवनको आज पोखरामा उद्घाटन गर्दै उहाँले कसैलाई पनि न्यायबाट वञ्चित हुन नदिने गरी काम गर्नु आवश्यक रहेको बताउनुभयो।

न्यायाधीश कार्कीले निरङ्कुशतामा कानुनी शासन हुन नसक्ने र निरङ्कुशताविरुद्धको आन्दोलनमा कानुन व्यवसायी पनि लागेको स्मरण गर्दै संविधानतः प्राप्त अधिकारलाई कार्यान्वयन गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो। न्याय सम्पादनमा स्वतन्त्रता, निष्पक्षताजस्ता विषय अपरिहार्य भएको बताउँदै उहाँले स्वार्थमा नलागी न्याय दिनेतर्फ कानुन व्यवसायी अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

बार एशोसिएशनको आफ्नै भवन निर्माण हुनुले न्याय सम्पादनका कामलाई प्रभावकारी बनाउने बताउँदै उहाँले बार एशोसिएशन र अदालतको सम्बन्ध राम्रो बनाउँदै न्याय सम्पादनलाई स्वतन्त्र र निष्पक्ष बनाउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो।

कास्की जिल्ला बार एशोसिएशनका कोषाध्यक्ष युवराज पराजुलीले रु ८६ लाखको लागतमा भवन निर्माण सम्पन्न भएको जानकारी दिँदै यसले न्याय सम्पदानका गतिविधिलाई प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभयो।

वरिष्ठ अधिवक्ता हरिप्रसाद सुवेदी, प्रमुख जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराई, नेपाल बार एशोसिएशनका अध्यक्ष चण्डेश्वर श्रेष्ठलगायतले न्याय सेवालाई स्वतन्त्र, निष्पक्ष बनाउनुका साथै न्यायमा सबैको पहुँच हुने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।


## तुरुन्त बिक्रीमा

चालु अवस्थामा रहेको पोखरा–१४ छिनेडाँडामा अवस्थित ओशो राइसमिल एण्ड कृष्ण स्टोर्स तुरुन्त बिक्रीमा छ । मूल्य आपसी समझदारीमा हुनेछ ।

सम्पर्कः
मो. ९८१६७७४५२४, ९८२६१९३२२५


# सहकारीमा पैसाले पैसा किन्ने मात्र परिपार्टीले आर्थिक विकास हुदैनः अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पैसाले पैसा मात्र किन्ने परिपार्टिले सहकारीबाट आर्थिक विकास गर्न नसकिने बताउनु भएको छ। पोखरा ३३ मा रहेको बाघमारा बहुउदेश्यीय (साकोस) सहकारी संस्थाको ९ नवौं बार्षिक साधारण सभा तथा चौथो अधिवेसनको आइतबार उद्घाटन गर्दै मन्त्री बरालले पैसाले पैसा किन्ने मात्र परिपार्टीले सहकारीको माध्यमबाट आर्थिक विकास गर्न नसकिने बताउनु भएको हो।

पैसाले कृषि उत्पादन गर्ने र उद्यमशिलता निर्माण गरी उत्पादनशिल क्षेत्रमा लगानी गर्न सहकारीकर्मीलाई मन्त्री बरालले सुझाव दिनु भयो । सहकारीहरुले तल्लो स्तरका जनताको दैनिक आवश्यकतालाई पुरा गर्दै छरिएको पूजि एकिकृत गरी उत्पादनमा आधारित उद्योग धन्दा एवं व्यवसायमा लगानी गर्नुपर्ने मन्त्री बरालको भनाई थियो। उहाँले भन्नु भयो "बचत तथा ऋण सहकारी, उत्पादन र उपभोक्ता सहकारीले चक्रको रुपमा अघि बढ्नु पर्दछ, सहकारी सिद्धान्त अनुसार सहकार्य गरी छरिएको पूजिलाई केन्द्रित गर्दै जानुपर्छ।"

देशको सिमा बाहिरबाट मात्र सामान ल्याएर बिक्रि गर्ने स्वाभिमानि हुन नसक्ने मन्त्री बरालको भनाई थियो । उत्पादनमा आधारित उद्योग स्थापना गर्नुपर्ने उहाँको भनाइ थियो ।हाम्रो देशको क्षमता अवस्था अनुरुप बाहिर देखि निजी पूंजिको व्यबस्थापन गर्नु पर्ने समेत बताउनु भएको मन्त्री बरालले विकसित प्रविधिलाई समेत अवलम्बन गर्नुपर्नेमा जोड दिनु भयो। देशका धेरै क्षेत्र बाझो रहेको उल्लेख गर्दै उहाँले देशमा जहिलेसम्म खाद्य पदार्थमा आत्मनिर्भर हुदैनौं तवसम्म मुलुकको प्रगती समेत हुन नसक्ने ठोकुवा गर्नु भयो । उहाँले भन्नु भयो "हामीले इतिहास हेर्दा पहिला



खाद्य बस्तु मात्र होइन खाद्य पदार्थमै आत्मनिर्भर हुनुपर्ने अबस्था देखेका छौं, खाद्यपदार्थमा आत्मनिर्भर भए पछि विस्तारै हाम्रो अर्थतन्त्रले गति लिन्छ ।" जमिनलाई कसरी हराभरा बनाउने त्यस तर्फ केन्द्रित हुनुपर्ने बताउनु भएको मन्त्री बरालले जंगलको भाग बढेका कारण बादरो समस्या रहेको दाबी गर्नु भयो।

संघिय सरकारकै कारण संघिय मोडलमा प्रदेश सरकार संचालनको करिब साँढे ३ बर्ष नवित्दै जनस्तरमा झन निरासा पैदा भएको मन्त्री बरालको भनाई थियो । संघसंग बाझिने नियमहरु खारेज हुन सक्ने भएको हुदा केही ऐन, निमय कानुन छिटो व्यबस्थापन गर्नुपर्ने अबस्था रहेकोमा संघ सरकारले त्यसलाई छिटोछरितो र सरलीकरण नगरेको उहाँको भनाई थियो । कानून ऐनलाई सामान्य किसानले बुझ्ने गरी लैजाने ढंगले अघि बढाउने आफुहरुको सोच रहेको मन्त्री बरालको भनाई थियो।

गण्डकी प्रदेशका निती तथा योजना आयोगका सदस्य माया तिमिल्सिनाले अधिकांश सहकारीहरुले सहकारीको मर्म र भावना अनुसार काम नगरेको दाबी गर्नु भयो। जिल्ला सहकारी संघका अध्यक्ष सावित्रा कोइरालाले प्राय अधिकांश सहकारीहरु बचत तथा ऋणको मात्र कारोवार गर्ने गरेको बताउनु भयो । जिल्ला बचत सहकारी संस्थाका अध्यक्ष भेषराज बरालले सहकारीहरु अब मर्जमा जानुपर्ने बताउनु भयो । पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष तेज नारायण अधिकारीले सम्बन्धित निकायबाट दिएका सल्लाह र सुझावलाई संस्थाहरुले बार्षिक साधारण सभामा सार्वजनिक गर्नुपर्ने बताउनु भयो । पोखरा ३३ का वडा अध्यक्ष शिव प्रसाद आचार्यले बाघमारामा दुग्ध पदार्थको प्योकजिङ गर्नुपर्ने बताउनु भयो। संस्थाका अध्यक्ष डिल्लीराम बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संस्थाका सल्लाहकार ठुला यज्ञ प्रसाद अधिकारी, हेम बहादुर थापा, सहकारी अभियान्ता सविन जिसी, कमला गिरी, रामा देवि आचार्य, माधव प्रसाद कडेंल, प्रकाश अधिकारी, ग्रिन डेभलपमेन्ट बैंकका जगन्नाथ लामिछाने, सचिव नन्दलाल काफ्ले लगायतले वोल्नु भएको थियो । यसैबिच, पत्रकार दीननाथ बराल सहित विभिन्न व्यक्तिहरुलाई सम्मान गरिएको छ । रेडियो अन्नपूर्ण, कारोवार दैनिकमा आबद्ध बराललाई अर्थ मन्त्री बराल, वडा अध्यक्ष आचार्य, संस्थाका अध्यक्ष बरालले सम्मान पत्रको साथमा दोसल्ला, खादा तथा माला साथमा नगदले सम्मान गर्नु भएको हो । पत्रकार बराल विगत १८ बर्ष देखि पोखरामा रहि पत्रकारिता गर्दै आएका छन्। यस अघि उक्त पुरस्कारबाट विजय नेपाल, राजन उपाध्याय, स्व.गणेश पौडेल, भिमपाणि बराल, बिमल अचार्य, बिष्णु हरि पौडेल, बासुदेव पौडेल, जमुना बर्षा, रामजी लम्साल सम्मानित हुनु भएको थियो।

## यही...

अध्यक्ष नेपालले स्पष्ट पार्नुभयो। कार्यक्रममा सो पार्टीका गण्डकी प्रदेश इन्चार्ज केशवलाल श्रेष्ठ, प्रदेश सचिव प्रतापलाल श्रेष्ठ, प्रतिनिधिसभा सांसद कृष्णकुमार श्रेष्ठ, पार्टीका जिल्ला अध्यक्ष धनराज आचार्य, सचिव होमबहादुर नेपाली, उपसचिव पूर्ण लामालगायतले पार्टी सङ्गठन विस्तारमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको थियो।






## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सबैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख ।

– शेक्सपियर

## सम्पादकीय

# गुन तिर्न पदक, सम्मान

सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीशदेखि न्यायाधीशसम्मलाई राष्ट्रिय मानवअधिकार आयोग बाहेक सरकारका तर्फबाट कुनैपनि नियुक्ति, मान पदवी, पदक, पुरस्कार, सम्मान लिन संविधानले नै रोकेको छासरकारले सर्वोच्च अदालतका प्रधान न्यायाधीश देखि संबैधानिक इजलासका न्यायाधीश पदक दिने निर्णय गरेछ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन बदर गर्ने न्यायाधीशलाई पदक दिने निर्णय गरेर सरकारले गुन तिरेको छ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई महाउज्ज्वल राष्ट्रदीप, विश्वम्भरप्रसाद श्रेष्ठलाई उज्ज्वल कीर्तिमय राष्ट्रदीप, न्यायाधीशहरू अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल, तेजबहादुर केसीलाई प्रसिद्ध प्रबल जनसेवाश्री विभूषणले विभूषित गर्ने निर्णय सरकारले गरेको छ ।

महाउज्ज्वल राष्ट्रदीप पदकबाट विभूषित प्रधानन्यायाधीश जबरा भने दोस्रो विघटनको मुद्दा सुनुवाइ गर्ने संवैधानिक इजलासमा समेत थिए । उनैको नेतृत्वको इजलासले शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो । त्यसैगरी प्रतिनिधि सभा विघटन बदर होस् भनेर दायर रिटका पक्षमा बहस गर्ने हालका महान्यायाधिवक्ता खम्मबहादुर खातीदेखि वरिष्ठ अधिवक्तासम्मलाई देउवा सरकारले विभूषित गरेको छ । हालका महान्यायाधिवक्ता खातीका अलावा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई प्रसिद्ध प्रबल जनसेवाश्रीलाई विभूषणले विभूषित गरिएको छ । त्यसैगरी विघटनको विपक्षमा बहस गरेका वरिष्ठ अधिवक्ताहरू बद्री बहादुर कार्की, माहदेवप्रसाद यादव, हरिहर दाहाल, मुक्तिनारायण प्रधान, मिथिलेश कुमार सिंह, रमनकुमार श्रेष्ठ, दिनेश त्रिपाठी, अधिवक्ता गोविन्दप्रसाद शर्मा, पदम रोक्कालगायतलाई सुकीर्तिमय राष्ट्रदीप विभूषणले विभूषित गरिएको छ । अहिलेका महान्यायाधिवक्ता खातीले प्रथमपटक गरिएको विघटनको मुद्दामा बहस गरेका थिएनन् । तर दोस्रोपटकको विघटनको मुद्दामा बहसको 'ओपनिङ' नै खातीले गरेका थिए ।

प्रतिनिधि सभा विघटनलाई बदर गर्ने न्यायाधीश र विघटनविरुद्धको रिटका पक्षमा बहस गर्ने अधिवक्ताहरूलाई पुरस्कृत गर्ने गरी देउवा सरकारले गुण तिरेको छायो त कन्फ्लिक्ट अफ इन्ट्रेस्टको विषय हो ! यो विभूषणले स्वतन्त्र न्यायपालिकाको मर्यादामा नै प्रहार गरेको जस्तो देखियो । स्वतन्त्र न्यायलयको नारा दिएर न्यायालयको मर्यादा कमजोर बनाउने र आफ्नो पकडमा राख्ने सोच हो । यो विभूषण न्यायाधीश र कानून व्यवसायीले लिन नहुने आवाज उठेको छ । 'तत्कालीन अवस्थामा प्रतिनिधि सभा विघटनविरुद्ध परेको मुद्दाको पक्षमा रहेकाहरू अहिले सरकारमा छन्, त्यसकारण पनि यहाँ स्वार्थको द्वन्द्व बाझिएको छ ।' स्वार्थको द्वन्द्व सिधा बाझिएकाले न्यायाधीश र कानून व्यवसायीले उक्त विभूषण लिनु हुन्न ।

विगतमा जसरी राजा महाराजाहरू खुशी भएर बक्सिस दिने गर्थे, त्यसैगरी अहिलेको गठबन्धन सरकारले प्रतिनिधि सभा विघटनको विपक्षमा रिट दर्ता गर्ने निवेदकसहित, प्रचार गर्ने पत्रकार, बहस गर्ने कानून व्यवसायी र फैसला गर्ने न्यायाधीशहरूलाई छानीछानी पुरस्कृत गरेको आरोप लागेको छ । न्यायाधीशले मान पदवी स्वीकार गरेमा मिलेमतोमा फैसला आएको आरोपलाई सघाउ पुऱ्याउँछ । सर्वोच्च अदालतका बहालवाला न्यायाधीशहरूलाई सरकारले मान पदवी तथा पदकले विभूषण गर्नु अस्वाभाविक मानिन्छ । 'सरकारले पदक दिन त दियो तर न्यायाधीशहरूले अदालतको सम्मानसँगै आफ्नै पनि मान सम्मानका खातिर उक्त पदक अस्वीकार गर्नुपर्छ,। नत्र स्वतन्त्र न्यायपालिकाको प्रतिष्ठामा समेत आँच आउँछ ।' 'अहिले त झन् संवैधानिक इजलासका न्यायाधीशहरूलाई सम्मान गरिएको छ, त्यसले त झन् स्वतन्त्र न्यायपालिकामा प्रहार गर्छ ।' स्वतन्त्र न्यायालय होस भन्ने र त्यसलाई कार्यान्वयन गर्ने ठाउँमा रहेकाले कस्तो आचरण गर्ने भन्ने देखाउने बेला आएको छ ।

## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | ब्यापारमा लाभ | तुला | : | झमेला बड्ने |
| वृष | : | शत्रुको भय | वृश्चिक | : | मन चञ्चल |
| मिथुन | : | आर्थिक समस्या | धनु | : | मानसिक तनाब |
| कर्कट | : | सम्मान मिल्नेछ | मकर | : | कार्यमा सफलता |
| सिंह | : | सत्कार मिल्नेछ | कुम्भ | : | अप्रत्यसित लाभ |
| कन्या | : | शारीरिक झमेला | मीन | : | सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# दुइटै खुट्टा गुमाएका खगिन्द्र भाटलाई साढे तीन लाख हस्तान्तरण

पोखरापत्र संवाददाता

पोखरा, ३ असोज

तिन वर्ष अगाडि मुम्बईमा दुबै खुट्टा गुमाएका बाजुराका खगिन्द्र भाटलाई रानाभाट तथा भाट समाज कास्कीले संकलन गरेको तिन लाख बढिको चेक शनिबार हस्तान्तरण गरिएको छ ।



कार्यक्रमका प्रमुख अतिथि पुर्व सभामुख तारानाथ रानाभाटले तीन लाख ३२ हजार तीन सय ५० रुपैयाको चेक खगिन्द्र भाटका बुबा मदनबहादुर भाटलाई हस्तान्तरण गर्नुभएको थियो । उहाँले समाज चाहिएको नै दुखा पर्दा केही गर्नको लागि भन्दै आफ्ना दाजुभाइलाई पर्दा सबैले सहयोग गर्नुपर्ने बताउनु भयो । सो अबसरमा समाजका केन्द्रिय अध्यक्ष बाबुराम रानाभाट, केन्द्रिय सल्लाहकार चिनु रानाभाट, इतिहास बिद् प्रा.डा. राजाराम सुवेदी, मदन बहादुर भाटले बोल्नु भएको थियो । कास्की जिल्ला अध्यक्ष रमेश बहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रमको संचालन श्री बहादुर रानाभाटले गर्नु भएको थियो ।

# भूतपूर्व खेलाडी मञ्चमा पराजुली निर्वाचित

पोखरापत्र संवाददाता

पोखरा, ३ असोज

नेपाली अग्रज खेलाडीहरूको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको अध्यक्षमा पूर्वअन्तर्राष्ट्रिय भलिबल खेलाडी हरिप्रसाद पराजुली निर्विरोध निर्वाचित हुनुभएको छ । मञ्चको पोखरामा आज सम्पन्न ११औँ साधारणसभा तथा सातौँ अधिवेशनले आगामी तीन वर्षका लागि पराजुलीको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति चयन गरेको हो । यसैगरी मञ्चको प्रथम उपाध्यक्षमा दिलबहादुर गुरुङ, द्वितीय उपाध्यक्षमा खेमबहादुर गुरुङ, महासचिवमा कृष्ण तिमिल्सिना, सचिवमा केशव पाठक, कोषाध्यक्षमा महेश पौडेल र सहकोषाध्यक्षमा हरिबहादुर बरुवाल निर्विरोध निर्वाचित हुनुभयो ।

सदस्यमा यामबहादुर गुरुङ, दिनेशकुमार श्रेष्ठ, ओमबहादुर गुरुङ, भरतकुमार आले, विश्व तण्डुकार, हरिश्वर पोखरेल, पुष्पा श्रेष्ठ, इन्द्रा मल्ल, शान्ति थापा, रामबहादुर क्षेत्री, गजबहादुर गुरुङ, ज्वाला थापा, सम्मरबहादुर थापा र रमेशकुमार श्रेष्ठ रहनुभएको छ । अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरालाई 'स्पोर्टस हव' को रूपमा विकास गर्ने गरी सरकारले योजना कार्यक्रम ल्याउने बताउनुभयो । उहाँले गण्डकी प्रदेशलाई साहसिक खेलकुदसँगै फुटबल, भलिबल क्रिकेटजस्ता खेलमा युवापुस्तालाई अगाडि बढाउने उल्लेख गर्दै खेलाडी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा 'एक्सपोज' हुन आवश्यक रहेको बताउनुभयो ।

मञ्चको अधिवेशनका अवसरमा पत्रकारितामार्फत पोखरा म्याराथनलाई योगदान पुऱ्याएको भन्दै फोटो पत्रकार राम गुरुङलाई नगद रु १० हजारसहित सम्मान गरिएको थियो । मुख्यमन्त्री नेपालीले उहाँलाई पुरस्कृत गर्नुभयो ।

पाकिस्तानमा भइरहेको यु-१२ आइटिएफ टेनिसमा सङ्लग्न दर्शिल श्रेष्ठलाई नगद रु १० हजारसहित सम्मान गरिएको थियो । मञ्चले पूर्वअन्तर्राष्ट्रिय खेलाडी डमबहादुर पुनलाई खेलकुद क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरेको छ । यसैगरी मञ्चका पूर्वअध्यक्ष प्रा डा विरेन्द्रसिंह गुरुङलाई उहाँको खेलकुदप्रतिको योगदान स्परूप सम्मान गरिएको थियो ।

# कटानको जोखिममा भिमादः स्थानीयवासी चिन्तित

-कृष्ण न्यौपाने

दमौली, ३ असोज

तनहुँको भिमाद बजार सेती नदीको कटानले बर्सेनि जोखिममा पर्दै आए पनि बजार जोगाउन कुनै पहल नभएपछि स्थानीयवासी चिन्तित भएका छन् । बर्सेनि कटानमा पर्दै गएको भिमाद बजार संरक्षणका लागि पहल नहुँदा यहाँका स्थानीयवासी चिन्तित भएका हुन् ।

भिमाद नगरपालिका-६ कुमारचोकका प्रकाश कलकलले नदी कटानले बस्ती जोखिममा परेपछि घर छाडेर डेरामा बस्नुपरेको गुनासो गर्नुभयो । वर्षौंदेखि बस्दै आएका घरमा होटल चलाउँदै आएका उहाँले पुर्ख्यौली घर छाडेर डेरामा बस्दा मन भारी भएको बताउनुभयो । "नदी कटानले जोखिममा परेपछि लामो समयदेखि बस्दै आएको घर छाडेर डेरा सरे", उहाँले भन्नुभयो, "बस्ती जोगाउनेतर्फ सम्बन्धित निकायले चासो दिएनन् ।" घर छाडेर हिँड्न मन नभए पनि परिस्थितिले यस्तो अवस्था आइपरेको उहाँको भनाइ छ । "निष्ठुरी प्रकृतिले विपत्ति निम्त्यायो, नदीको कटानले घरको पछाडिपट्टिको भाग पहिरा खस्यो", उहाँले भन्नुभयो, "शौचालय पनि भत्कियो ।" केही दिन अगाडि गएको पहिराले शौचालय भत्किएपछि त्यसको भोलिपल्टै उहाँ डेरा सर्नुभएको थियो । "जोखिम मोलेर घरमा बस्न मिल्ने अवस्था भएन, डेरामा बसेर पनि ज्यान त बचाउनैपऱ्यो", उहाँले भन्नुभयो । बर्सेनि नदीको कटानले जोखिममा परेको ठाउँमा तटबन्धन भइदिएको भए आजको अवस्था नआउने उहाँको भनाइ छ । "पहिला तलबाट उठाएर तटबन्धन हुन्छ भने जस्तो गरिदिएको भए यो अवस्था आउँथेन, समयमै काम भएन", उहाँले भन्नुभयो । केही दिन अगाडि परेको वर्षाका कारण कुमारचोकको करिब एक दर्जन घर पछाडि पहिरा खसेको छ । ती घरको पछाडि एक इञ्च जमिन बाँकी छैन । अरु तीन दर्जन घरको पनि सेती नदीतिरको डिल खस्दै गएपछि घरभन्दा बाहिर बाँकी जमिन छैन । तै पनि जोखिम मोलेरै दिनभर व्यापार व्यवसाय चलाइरहेका छन् । दिनभर व्यापार व्यवसाय गर्ने र राति बास बस्न भने अन्यत्रै जाने गरेको स्थानीय व्यवसायी माया हिराचनले बताउनुभयो । "पहिला घरको पछाडि तरकारी लगाउने ठाउँसमेत थियो । अहिले पहिरा खस्दाखस्दा शौचालय पनि छैन", उहाँले भन्नुभयो, "दिउँसो चाँही यही व्यवसाय गरिरहेका छौँ, राति सुत्न सक्ने अवस्था छैन ।" दिउँसो पनि कुन बेला पहिरो खस्ने हो केही भर नभएको बताउँदै उहाँले बाध्यताका कारण जोखिम मोलेरै व्यवसाय गर्नुपरेको गुनासो गर्नुभयो । "लामो समयदेखि यही व्यापार गरेर बस्यौँ, अन्यत्र कहाँ जानु," उहाँले भन्नुभयो, "राति भने छिमेकीको घरमा बास बस्छौँ ।" विसं २०५२ देखि यस ठाउँमा पहिराको जोखिम छ ।

भिमाद नगरपालिका-६ का वडाध्यक्ष श्यामसुन्दर जोशीले सेती नदी कटानले अहिले ४१ घर जोखिममा रहेको जानकारी दिनुभयो । उहाँका अनुसार विगतमा घरबाट सेतीको डिलसम्म १५ मिटरको दूरी थियो, तर अहिले एक इञ्च पनि दूरी छैन । "यसरी नै पहिरो खसिरहने हो भने नदीतर्फको मात्रै नभएर कुमार चोकको पूरै बस्ती जोखिममा पर्छ", उहाँले भन्नुभयो । नदी कटान र पहिरो रोक्नलाई बर्सेनि वडा र नगरले बजेट विनियोजन गरिरहेको उहाँले दाबी गर्नुभयो । "सानो बजेट भएकाले उल्लेखनीय काम भने भएको छैन, नगरको बजेटले नपुग्ने, सङ्घ र प्रदेश सरकारले पर्याप्त बजेट नदिँदा प्रगति हुन सकेको छैन", वडाध्यक्ष जोशीले भन्नुभयो । बस्ती जोगाउनलाई नगरपालिकाको बजेटले गत वर्ष नै विस्तृत परियोजना प्रतिवेदन 'डीपीआर' तयार गरिएको थियो तर काम भने सुरु हुन सकेको छैन । गत वर्ष प्रदेश सरकारले रु एक करोड र सङ्घीय सरकारले रु ३० लाख बजेट विनियोजन गरेको थियो । अहिले प्रदेश सरकारले रु ४० लाख मात्रै बजेट विनियोजन गरेको छ । नदी तटबन्धनको काम जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँअन्तर्गत रहेको छ । कार्यालयका अनुसार भिमाद कुमारचोक सेती नदी तटबन्धनका लागि रु १७ करोडमा डीपीआर तयार भएको छ । डीपीआर स्वीकृतका लागि गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालय पठाइएको कार्यालयकी प्रमुख दीपा गौतमले जानकारी दिनुभयो । "कार्यालयको समग्र बजेट रु १५/१६ करोडभन्दा हुँदैन, ठूलो रकमको योजना भएकाले मन्त्रालयमा विचाराधीन छ", उहाँले भन्नुभयो ।

सङ्घीय रकारले बजेट विनियोजन गरेको खण्डमा तत्काल काम सुरु हुने उहाँले बताउनुभयो । सेती नदी तटबन्धनका लागि सङ्घीय सरकारले रु ३० लाख र प्रदेश सरकारबाट रु ४० लाख बजेट विनियोजन भएको उहाँले बताउनुभयो ।

# तनहुँमै पीसीआर परीक्षण

पोखरापत्र संवाददाता

दमौली, ३ असोज

तनहुँको व्यास नगरपालिकाले सञ्चालन गरेको पीसीआर प्रयोगशालाले अनुमति पाएको छ । व्यास नगरपालिका-१० दुम्सीमा सञ्चालित पीसीआर प्रयोगशालालाई प्रदेश जनस्वास्थ्य प्रयोगशालाले अनुमति दिएको हो ।

प्रदेश प्रयोगशालाले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन र प्रयोगशालाबाट प्राप्त २० नमूनाको नतिजा प्रमाणीकरणका आधारमा प्रयोगशालाको मापदण्ड पुगेकाले पीसीआर परीक्षण गर्न अनुमति प्रदान गरिएको निमित्त निर्देशक सपना सुवेदीले जानकारी दिनुभयो । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले प्रयोगशालाका मेसिनको सम्पूर्ण मापदण्ड पुगेकाले अब पीसीआर परीक्षणको तयारी गरिएको जानकारी दिनुभयो । प्रयोशालामा पाँच जना स्वास्थ्यकर्मी नियुक्त गरिएको छ । प्रयोगशालाबाट एकपटकमा ९६ जनाको स्वाब परीक्षण गर्न सकिन्छ । त्यसको नतिजा साढे दुई घण्टामा प्राप्त हुन्छ । "जिल्लामा प्रयोगशाला नहुँदा यस अगाडि स्वाब सङ्कलन गरेर पोखरा पठाउनुपर्ने बाध्यता थियो, अब जिल्लामै सहजरुपमा छिटो, छरितो परीक्षण हुन्छ", उहाँले भन्नुभयो । यसका लागि सङ्घीय सरकारले नगरपालिकालाई रु २५ लाख बजेट सहयोग गरेको थियो । पीसीआर परीक्षणका लागि स्वाब सङ्कलन गरेर पठाउँदा रिपोर्ट आउन ढिलाइ भएपछि नगरपालिका आफैँले व्यवस्था गरेको हो । यसका लागि व्यासका जनप्रतिनिधिले एक महिनाबापतको रु १२ लाख सहयोग गरेका छन् । नगरपालिकाअन्तर्गत विभिन्न शाखा तथा उपशाखामा कार्यरत कर्मचारीले प्रयोगशालाका लागि रु छ लाख सहयोग गरेका छन् । यसका लागि तनहुँ समाज हङकङ र तनहुँ समाज अष्ट्रेलियाकोतर्फबाट रु दुई/दुई लाख सहयोग गरिएको थियो ।

# देवघाटमा अस्थायी कोभिड अस्पताल बन्द


पोखरापत्र संवाददाता

दमौली, ३ असोज

कोरोना सङ्क्रमितको उपचार गर्नका लागि तनहुँको देवघाट गाउँपालिकाले सञ्चालनमा ल्याएको अस्थायी कोभिड अस्पताल बन्द भएको छ । गाउँपालिकास्तरीय कोभिड-१९ रोकथाम तथा नियन्त्रण समितिको बैठकले उक्त अस्पताल बन्द गर्ने निर्णय गरेको हो ।

गाउँपालिकाभित्र पछिल्लो समय कोरोना सङ्क्रमणको प्रभाव न्यून हुँदै गएको र भएका सङ्क्रमितलाई पनि अस्पतालमा राख्नुपर्ने स्थिति नभएकाले समितिले अस्थायी कोभिड अस्पताल बन्द गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष दुर्गबहादुर थापाले जानकारी दिनुभयो । अस्पताललाई हाल बन्द गरी अन्य प्रयोजनमा ल्याउने र फेरि सङ्क्रमितको सङ्ख्या बढेर बिरामी राख्नुपर्ने स्थिति आएमा पुनःसञ्चालन गरिने उहाँले बताउनुभयो । कोरोना सङ्क्रमण रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन हरेक हप्ताको आइतबार पीसीआर परीक्षण गरिने तथा दैनिक एन्टिजेन परीक्षण गर्ने तयारी गरिएको छ ।

गाउँपालिकामा हालसम्म ५५३ जनाको पीसीआर परीक्षण गर्दा २१ जना महिला र ३३ जना पुरुषमा कोरोना सङ्क्रमण देखिएको स्वास्थ्य शाखा प्रमुख प्रदीप बुढाथोकीले जानकारी दिनुभयो । त्यस्तै एन्टिजेन विधिबाट १५३ को परीक्षण गर्दा छ जना महिला र नौ जना पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।



# म्याग्दीका गाउँगाउँमा 'सेतो पुतली झुस' समस्या

-ध्रुवसागर शर्मा
**म्याग्दी, ३ असोज (रासस)**

म्याग्दीका शहरी क्षेत्र तथा ग्रामीण भेगमा 'सेतो पुतलीको झुस'को समस्या देखिएको छ । घरघरका भित्तादेखि सार्वजनिक संस्था, सरकारी तथा निजी क्षेत्रका कार्यालय र बिजुलीका खम्बालगायत ठाउँमा 'झुस' ले सर्वसाधारण हैरान भएका हुन् ।

जिल्ला सदरमुकाम बेनी बजारका १८ वर्षीय युवा अमृत पुनको झुस आँखामा परेर ज्योति नै गुमेको छ । सेतो पुतलीबाट विशेषगरी विद्यार्थी र युवायुवती बढी प्रभावित भएका चिकित्सकले बताएका छन् । गत भदौ पहिलो सातादेखि सुरुआतभएको समस्याबाट जिल्लाका अधिकांश क्षेत्र प्रभावित बनेका छन् । गत भदौको दोस्रो साता झुस आँखामा परेर समस्या भएपछि उपचारका लागि बेनी अस्पताल पुगेका युवा पुनलाई तुरुन्तै पोखराको हिमालय आँखा अस्पताल पठाइएको थियो । पुनको आँखाको रेटिना पुरै बिग्रिसकेकाले ज्योति गुमेको बेनी अस्पताल आँखा उपचार शाखाकी नेत्र सहायक प्रकृति ढुङ्गानाले जानकारी दिनुभयो ।

चिकित्सकीय भाषामा सेतो पुतलीको झुसबाट आँखाको ज्योतिमा पर्ने नकारात्मक असरलाई सिजनल हाइपरसुट पन्युवाइटिस (एसएचएपीयू-सापु) नामकरण गरिएको छ । ग्रामीण भेगमासमेत सापुका बिरामी बढेका स्थानीयले बताएका छन् । जिल्लाका बेनी नगरपालिकासहित मालिका, मङ्गला, धवलागिरि र रघुगङ्गा गाउँपालिकामा आँखाका बिरामी बढेका र यसो हुनुका कारण सेतो पुतलीको झुस नै रहेको आँखा उपचार शाखाका दिनेश बानियाँले बताउनुभयो । चिकित्सकका अनुसार सापुका लक्षणमा सुरुमा आँखा रातो हुने, चिप्रा नलाग्ने तथा उज्यालोमा हेर्न नकिदैन । साथै आँखाको दृष्टिमा कमी तथा नानी सेतो हुँदै जाने र पीप जम्छ। "यसको उपचार भनेकै जतिसक्दो छिटो पीप निकाल्नु हो", हिमालय आँखा अस्पतालकी मेडिकल डाइरेक्टर डा इलिया श्रेष्ठले भन्नुभयो, "४८ घण्टाभित्र उपचार भए निको हुन सक्छ ।" झुस आँखामा परेपछि समस्या भई आँखा उपचार केन्द्रमा उपचारका लागि आउने बढेका आँखा उपचार केन्द्रकी नेत्र सहायक ढुङ्गानाले बताउनुभयो । उहाँका अनुसार झुसले भदौ दोस्रो सातापछि कम्तीमा १२ सङ्क्रमित उपचारका लागि केन्द्रमा आएका छन् । उनीहरूमध्ये बेनी अस्पतालबाट चार, नेत्रज्याति सङ्घ आँखा उपचार केन्द्रबाट चार गरी आठ जनालाई पोखरा पठाइएको थियो अन्यको बेनीमै उपचार भइरहेको छ ।

आँखाको नानीमा पुतलीको धेरै झुस गाडिएका कारण आँखा सुक्खा हुने भएकाले उपचारमा समस्या हुने गरेको र त्यस्ता बिरामीलाई पोखरा पठाइएका सङ्घ आँखा उपचार केन्द्रका नेत्र अधिकृत दिनेश बानियाँले बताउनुभयो । बागलुङ, पर्वत र कास्कीमासमेत सेतो पुतली बढ्दै गएको पाइएको छ । साँझ बत्ती बाल्ने समयमा देखापर्ने पुतलीको बाक्लो झुण्ड बिहान उज्यालो भएसँगै हराउने गरेको सर्वसाधारण बताउँछन् । सेतो पुतलीको प्रजननको याम पनि भएका कारण यो समयमा अघिल्ला वर्षभन्दा बढी मात्रामा पुतली देखिएका छन् भने बिरामीको सङ्ख्या पनि उत्तिकै बढेको मेडिकल डाइरेक्टर डा श्रेष्ठले जानकारी दिनुभयो ।

चिकित्सकका अनुसार सेतो पुतली छोएर वा अन्य माध्यमबाट यसको रौं आँखासम्म पुगेमा सापुको सङ्क्रमण फैलिन सक्छ । सङ्क्रमण भएमा आँखा दुख्ने, रातो हुने तर चिप्रा नआउने, आँखाको नानी सेतो हुँदै जाने, आँखा सुख्खा हुने जस्ता लक्षण देखिन्छन् । उपचारमा ढिलाइ भए क्रमशः आँखा कम देख्दै दृष्टि नै पूर्णरूपमा गुम्नसक्ने बताइएको छ । बेनी आँखा उपचार केन्द्रका चिकित्सक बानियाँका अनुसार प्रायः एउटा आँखामा मात्रै देखिने यो रोगले धेरै छिटो असर गर्ने गर्छ । यो रोगले जुनसुकै उमेर समूहका मानिसलाई सताए पनि बालबालिकालाई बढी आक्रमण गरेको पाइन्छ ।

झुसबाट बच्नका लागि भरसक सेतो पुतली भएको ठाउँमा नजान, जानै परे चस्मा लगाउन र आफू बसेको ठाउँमा पुतली आए सजग हुन र हात वा शरीरका अन्य भागमा पुतली बसेमा वा छोइएमा साबुन पानीले हात धुन चिकित्सकको सुझाव छ । यसैगरी सुत्ने बेलामा घरका झ्याल ढोका बन्द राख्ने, झुल प्रयोग गर्ने र बच्चालाई सुरक्षित राख्न सक्ने हो भने झुस समस्याबाट बच्न सकिने जनाइएको छन् ।

# प्रगती आमा समुहको चौथौं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**




पोखरा महानगरपालिका वडा नं. ८ स्थित प्रगती आमा समुहको चौथौं साधारण सभा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्धघाटन गर्दै पोखरा वडा नं. ८ का वडा सदस्य कृष्णमान ठुसाजुले छोटो समयमै आमा समुहले वडा भित्रका आमा दिदि बहिनीलाई एकिकृत गराएर विभिन्न सामाजिक कार्यमा सर्मपित भएकोमा प्रशंसा गर्नुभयो । उहाँले वडा नं.८ भित्र बहुउद्देशिय सामुदायिक भवन निर्माण गर्न वडा कार्यालय हुदै पोखरा महानगर पालिकामा पनि पहल गर्ने बताउनु भयो । पोखरा वडा नं. ८ लाई उज्यालो वडा बनाउने अभियान अर्न्तगत यो वर्ष १२ लाख बजेट छुटाएको अवगत गराउदै वडा र जनसमुदायको ७०/३० प्रतिशतको लागत साझेदारीमा उक्त कार्य अगि बढाउने बताउनु भयो ।

उहाँले आमा समुहले गरेको कार्यलाई हौसला प्रदान गर्न समुहको अक्षयकोषका लागि १० हजार व्यक्तिगत सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा वडा नं ८ का वडा सदस्य पुष्पराज सिग्देल, लिटिल स्टेप मा. वि.का सस्थापक शेर बहादुर गुरुङ , प्रतिभा मार्ग टोल विकास सस्थाका अध्यक्ष बसन्त चालिसे लगाएतले शुभकामना मन्तव्य दिनु भयो । कार्यक्रममा आमा समुहका हरेक कार्यमा सक्रिय सहभागी जनाउने सदस्यहरु , सल्लाहाकार एवम् जेष्ठ नागरिकलाई सम्मान र समुहमा नव प्रवेशी सदस्यलाई स्वागत गरिएको थियो । प्रगती आमा समुहका अध्यक्ष गौरी पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत समुहकी उपाध्यक्ष जानुका चालिसे र संचालन सचिब दुर्गा सिग्देलले गर्न भयो ।

# अध्यक्ष नेपालद्वारा गण्डकी प्रदेश कार्यालय उद्‌घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असोज**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले पार्टीको गण्डकी प्रदेश, कास्की जिल्ला र पोखरा महानगरपालिका कमिटीको कार्यालय स्थापना गरेको छ ।

पोखरा-८ जाल्पारोडमा स्थापना गरिएका कार्यालयको आज पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले उद्‌घाटन गर्नुभयो । अध्यक्ष नेपालले तीनवटै कार्यालयको शुभारम्भ गर्नुभएको हो । उहाँले पार्टी र राष्ट्रिय झण्डाको झण्डोत्तोलनसमेत गर्नुभयो ।

मासिक रु ६० हजार तिर्ने गरी भाडाको घरमा प्रदेश, जिल्ला र महानगरको पार्टीले कार्यालय स्थापना गरेको पार्टीका जिल्ला अध्यक्ष धनराज आचार्यले जानकारी दिनुभयो । तीन तलाको घरमा दोस्रो तलामा जिल्ला र महानगरपालिकाको कार्यालय राखिएको छ भने माथिल्लो तलामा प्रदेश कार्यालय रहेको छ ।

कार्यालय उद्‌घाटनपछि संक्षिप्त भनाइ राख्दै अध्यक्ष नेपालले पार्टीका नेता कार्यकर्ताले आफूलाई अन्य पार्टीको भन्दा भिन्न रहेको व्यवहारबाट देखाउनुपर्ने बताउनुभयो । कार्यालय स्थापनापछि पार्टीका गतिविधिलाई व्यवस्थितरूपमा अघि बढाउन सहयोग पुग्ने भनाइ अध्यक्ष नेपालको छ ।

नेकपा (एकीकृत समाजवादी)ले केही दिनअघि तुलबहादुर गुरुङको अध्यक्षतामा प्रदेश कमिटी घोषणा गरेको थियो । पार्टीका जिल्ला अध्यक्ष आचार्यले जिल्लाका ७२ वडामध्ये अधिकांश वडामा पार्टी कमिटी गठन भइसकेको जानकारी दिँदै बाँकीमा छिट्टै गठन गरिने जानकारी दिनुभयो । जिल्ला कमिटी १८५ सदस्यीय र महानगर कमिटी १४१ सदस्यीय रहेको बताइन्छ । यसबीचमा विद्यार्थी, महिला, युवा सङ्घ, पिपुल्स भोलियन्टर्सलगायत जनवर्गीय सङ्गठनको जिल्ला कमिटी गठन भएको बताइन्छ ।

# एनआरएनए अध्यक्षमा आचार्यको उम्मेदवारी घोषणा

**पोखरापत्र संवाददाता**
**कुश्मा, ३ असोज**

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को १० औं अन्तर्राष्ट्रिय महाधिवेशनमा कुल आचार्यले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुभएको छ । सदरमुकाम कुश्मामा पर्वत, बागलुङ र म्याग्दीका पत्रकारको आज सम्मेलन गरी उहाँले यही असोज २८ देखि ३० गते काठमाडौंमा हुने महाधिवेशनका लागि अध्यक्षको उम्मेदवारी घोषणा गर्नुभएको हो ।

पर्वतको जलजला गाउँपालिका-७ धाइरिङमा जन्मिएर हाल बेलायतमा व्यवसाय गरेका आचार्यले यसअघि एनआरएनएका विभिन्न पदमा रहेर काम गर्नुभएको छ । सन् २००३ देखि गैरआवासीय नेपाली सङ्घको अभियानमा आबद्ध आचार्य गैरआवासीय नेपाली सङ्घ बेलायतको कार्यसमिति सदस्य, उपाध्यक्ष हुँदै अध्यक्ष बन्नुभएको थियो । त्यसपछि सन् २०१३ मा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य, युरोप संयोजक हुँदै सन् २०१७-१९ मा सङ्घको उपाध्यक्ष बन्नुभएको थियो । सङ्घको नवौं विश्व सम्मेलन तथा महाधिवेशनमा अध्यक्षका प्रतिस्पर्धी रहेका आचार्य कुमार पन्तसँग १४७ मतान्तरले पराजित हुनुभएको थियो । अध्यक्षमा वर्तमान कार्यसमितिका उपाध्यक्ष डा बद्री केसीले पनि उम्मेदवारी घोषणा गरिसक्नुभएको छ ।

सुस्तामा विद्यालय, जुम्लामा प्रसूतिगृह, शङ्खमुलमा उद्यान, एनआरएनएको लगानी भित्र्याउन इन्भेष्टमेन्ट कम्पनी खोल्नेलगायतका कामको अगुवाइ गरेका आचार्यले ८५ देशमा रहेका ८० लाख गैरआवासीय नेपालीको भावनाअनुसार संस्थालाई मर्यादित र विश्वमै प्रतिष्ठित बनाउने प्रतिबद्धता जनाउनुभयो ।

प्रवासीलाई जन्मथलो र गाउँसँग जोड्ने, गैरआवासीय नागरिकताको व्यवस्था, दोहोरो श्रम स्वीकृति, एनआरएनएको लगानीलाई पारदर्शी र मुनाफामूलक बनाउने मुद्दालाई अघि सारेको आचार्यले बताउनुभयो । "नेपालमा प्रवासीको लगानी भित्र्याउन र भित्रिएको लगानी सुरक्षाका लागि एनआरएनए नागरिकता आवश्यक छ", उहाँले भन्नुभयो, "प्रवासमा रहेका नेपालीहरूलाई आफ्नो देशसँग जोड्न गैरआवासीय नागरिकताको व्यवस्था हुनुपर्छ ।"

नेपालबाट पूँजी पलायन रोक्न र बाहिरबाट पूँजी भित्र्याउने विषयमा बहस गर्नुपर्ने उहाँले बताउनुभयो । सरकारी निकायसँग समन्वय गरेर नेपालबाट विदेशिने कामदारको क्षमता र दक्षता बढाउन प्रयास गर्ने उहाँको भनाइ थियो । "कोभिड-१९ का कारण ठूलो सङ्ख्यामा नेपालीले रोजगारी गुमाएर स्वदेश फर्कनुभएको छ", उहाँले भन्नुभयो, "स्वदेश फर्केका नेपालीका लागि रोजगार सिर्जना गर्न सघाउन मैले 'एक एनआरएन एक रोजगार' भन्ने अवधारणा अगाडि सारेको छु ।" प्रवासमा नेपाली भाषा, संस्कृति र सम्पदाको रक्षा गर्ने कुरामा आफूले जोड दिँदै आएको सुनाउनुभयो । महाधिवेशन प्रतिनिधि चयनमा देखिएको विवाद विधानअनुसार समाधान हुनुपर्ने र परराष्ट्र मन्त्रालयले छिटो छानबिन गरेर तोकिएकै मितिमा महाधिवेशन गर्ने वातावरण बनाउन आग्रह गर्नुभयो । उम्मेदवारी घोषणाका क्रममा आचार्यले जन्मथलो धाइरिङको किराखोरका पहिरोपीडितको पुनःबासका लागि रु १० लाख र कुश्माको गुप्तेश्वर बहुमुखी क्याम्पसमा स्नाकोत्तर तहको पठनपाठन सञ्चालन गर्न रु एक लाख ५० हजार व्यक्तिगत सहयोग गर्ने जानकारी गराउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : १९९४/०२/०४

स्वर्गारोहण : २०७८/०५/२९

**स्व. ओमप्रसाद भण्डारी**

हाम्रा आत्मीय मित्र जिवन भण्डारी तथा दाजुहरु रवी भण्डारी र भुवन भण्डारीका पुजनीय पिता **ओमप्रसाद भण्डारी** को असामयीक निधन भएको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछु ।

**शोभाकान्त सिग्देल**
**पोखरा-१३ कुँडहर**



**Province Government**
**Ministry of Health and Population**
**Syangja Hospital, Syangja**
**Syangja, Nepal**

**Invitation for Electronic Bids**
**Procurement of Medicine Items and Surgical Items**

**IFB No: DHS/G/NCB/3/2078-79**
**Date of publication: 20 Sep, 2021 (4 Ashoj, 2078)**

1. The Ministry of Health and population, Syangja Hospital Syangja invites electronic bids from eligible bidders for the Procurement of Medicine Items and Surgical Items procedures as specified in Public Procurement Act and Regulations.

| SN | IFB no | Bid Doc fee (NPR) | Bid Security amount in NPR | Bid security Validity Date |
|---|---|---|---|---|
| 1 | DHS/NCB/3.1/2078-79 | 3000 | 50000 | 17 Feb, 2022 |
| 2 | DHS/NCB/3.2/2078-79 | 3000 | 160000 | |
| 3 | DHS/NCB/3.3/2078-79 | 3000 | 13000 | |
| 4 | DHS/NCB/3.4/2078-79 | 3000 | 20000 | |

2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the District Hospital Syangja.
3. Bidder shall Purchase their bid electronically from www.bolpatra.gov.np/egp, Bidders should deposit the cost of bidding document as mentioned on above table for the following Rajaswa (revenue) account as specified below.
   Name of the Bank: Nepal Bank Ltd, Syangja
   Name of the Office: District Hospital Syangja
   A/c No: 27302000000001000001
   Office Code No.: 3550643014
   Revenue Head No.: 14229
4. Electronic bidsmust be submitted to the Syangjha Hospital, Syangjha through PPMO's e-GP II system www. bolpatra.gov.np/egp on or before12:00 hour (local time) on, 20 Oct, 2021(Kartik 3, 2078).
5. Bid shall be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 20 Oct, 2021 (Kartik 3, 2078) at the office of District Hospital Syangja, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amount mention in above table which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid shall be evaluated on item wise basis.
7. The purchase reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the day shall be considered as the last date the same as specified for the original last date of bid purchasing/ submission.